# शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०९/०४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३०८७ मितिः२०८१/१२/१५ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १६३७ मितिः २०८२/०९/०३ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, असना, सिसौ, कर्मा, दवदवे र धौटी जातका कुल जम्मा गोलिया थान ९८ को ९०९.९६ क्यू.फिट काठ तथा साल जातको १.५ चट्टा र अन्य जातको ५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री भुवरभवानी सामुदायिक वन उपभोक्ता समूह**

**राप्तीसोनारी गा.पा.-०३, बाँके**

# दुर्गा मोडेल एकेडेमीमा अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता

सियारी, पुस ३ (मेसस) । सियारी गाउँपालिका-२ च्याङ्ठास्थित दुर्गा मोडेल एकेडेमीले अन्तरविद्यालय लोक नृत्य प्रतियोगिता सम्पन्न गरेको छ । कार्यक्रम विद्यालयका अध्यक्ष रामकृष्ण बरईको अध्यक्षता तथा को प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। प्रतियोगिताको उद्घाटन गर्दै सियारी गाउँपालिका उपाध्यक्ष तारा थारुले प्रविधिको तीव्र विकाससँगै नयाँ पुस्ता आधुनिक जीवनशैलीतर्फ आकर्षित हुँदै गएको सन्दर्भमा मौलिक संस्कृति, परम्परा र पहिचान जोगाइराख्नु आजको ठूलो चुनौती भएको बताइन् । उपप्रमुख थारुले सियारी गाउँपालिकाले शिक्षा क्षेत्रको विकाससँगै कला, संस्कृति र सिर्जनात्मक गतिविधिलाई पनि उत्तिकै प्राथमिकतामा राख्दै आएको बताइन् ।

यस्तै विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामकृष्ण बरईले विद्यालय केवल पाठ्यपुस्तकमा सीमित ज्ञान दिने संस्था नभई विद्यार्थीको समग्र व्यक्तित्व विकास गर्ने केन्द्र हुनुपर्ने बताए । उनले शैक्षिक गुणस्तर अभिवृद्धिसँगै अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीलाई सिर्जनशील र आत्मविश्वासी बनाउन दुर्गा मोडल एकेडेमीले निरन्तर प्रयास गर्दै आएकोमा जोड दिए।




एकेडेमीका प्रधानाध्यापक सुरेशकुमार बरईले विद्यार्थीहरूको प्रतिभा विकाससँगै नेपाली मौलिक कला-संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले यस वर्ष अन्तर-विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता आयोजना गरिएको बताए। यस्तै गरी मैनहिया माध्यमिक विद्यालयका प्राचार्य विष्णुप्रसाद गौतमले आजको नयाँ पुस्ता पश्चिमी संस्कृतितर्फ बढी आकर्षित भइरहेका बेला लोकनृत्य र मौलिक संस्कृतिमा आधारित कार्यक्रमले सांस्कृतिक सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

यस्तैगरी सियारी प्याब्सन अध्यक्ष कमलप्रसाद पौडेलले निजी तथा सामुदायिक विद्यालयबिच स्वस्थ प्रतिस्पर्धा आवश्यक रहेको बताए । कार्यक्रममा दुर्गा मोडल एकेडेमीका सहप्रधानाध्यापक विजयकुमार बरईले स्वागत मन्तव्य राख्दै विद्यालयले विद्यार्थीको शैक्षिक सफलतामात्र होइन, जीवनोपयोगी सिप, संस्कार र आत्मविश्वास विकासमा पनि उत्तिकै ध्यान दिनुपर्ने बताए।

प्रतियोगितामा दुर्गा शैक्षिक गृह प्रथम, लुम्बिनी ज्ञान ज्योती माध्यमिक विद्यालय द्वितीय तथा शुभ संस्कार इङ्लिस बोर्डिङ स्कुल तृतीय स्थान हासिल गर्न सफल भएका छन् ।

प्रतियोगितामा प्रथम हुने विद्यालयलाई आकर्षक ट्रफीसहित नगद रु.५ हजार, द्वितीय हुनेलाई ट्रफीसहित नगद रु.४ हजार तथा तृतीय हुने विद्यालयलाई ट्रफीसहित नगद रु.३ हजार प्रदान गरी सम्मान गरिएको थियो । साथै प्रतियोगितामा सहभागी सबै विद्यालयलाई प्रमाणपत्र वितरण गरिएको थियो। प्रतियोगितामा रुपन्देही जिल्लाका १२ वटा विद्यालयहरूको उत्साहजनक सहभागिता रहेको थियो भने कार्यक्रम संचालन विद्यालयका शिक्षक प्रदीपकुमार सक्सेनाले गरेका थिए।

# नेपाल र भारतका इनरह्वील क्लबबिच झण्डा साटासाट

बुटवल, पुस ३ (मेसस) । एक आपसमा सद्भाव कायम गर्नका लागि इनरह्वील क्लवहरुबिच झण्डा साटासाट कार्यक्रम मंगलबार सम्पन्न गरिएको छ । इनरह्वील क्लब अफ बुटवल, इनरह्वील क्लब अफ मिडटाउन बुटवल र इनरह्वील क्लब अफ बुटवल जितगढी, इनरह्वील क्लब अफ तिलोत्तमा, इनरह्वील क्लब अफ गोरखपुर होराइजन र इनरह्वील क्लब अफ लुम्बिनीको संयुक्त आयोजनामा झण्डा साटासाट कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रम बुटवलको पर्यटकीय स्थल लुम्बिनी केबलकारको पाल्पा जिल्लामा रहेको कामख्या मन्दिरको काखमा आयोजना गरिएको थियो ।

कार्यक्रममा बोल्दै डिष्ट्रिक ३५० का पिएनआर समिरा ध्वजूले इनरह्वील क्लवहरुबिचको आत्मियता कायम गर्ने कार्यक्रमको उदेश्य रहेको बताइन् । यसरी बुटवलको पर्यटकीय क्षेत्रमा झण्डा साटासाट कार्यक्रमले क्लबहरुका बिचमा आपसी आत्मियता र सद्भाव कायम गर्ने विश्वास व्यक्त गरिन् । डिष्ट्रिक ३५० नेपालका आइपिडिसी आशा श्रेष्ठले इनरह्वील क्लबहरुले गर्ने यस्ता कार्यक्रमले सामाजमा सकारात्मक सन्देश प्रवाह हुने बताइन् ।

इनरह्वील क्लब अफ गोरखपुर होराइजनकी अध्यक्ष प्रिती गुप्ताले नेपालमा आएर इनरह्वील क्लबहरुसंग झण्डा साटासाट गर्ने अवसर जुटाएकोमा आभार व्यक्त गरिन् । गुप्ताले विश्वभर छरिएर रहेका इनरह्वील क्लबहरुको साझा उद्देश्य भनेकै सामाजिक सेवा रहेकाले समयअनुकुल मिलाएर यस्ता कार्यक्रम गर्नुपर्ने बताइन् । कार्यक्रममा इनरह्वील क्लब अफ लुम्बिनीका अध्यक्ष नारायणी नेपाल, इनरह्वील क्लब अफ बुटवलका अध्यक्ष बुलबुल श्रेष्ठले इनरह्वील क्लबमा सधैं बन्धुत्वको भावना कायम रहिरहने भन्दै भारतबाट निमन्त्रणा स्वीकार गरी आउनुभएकोमा इनरह्वील क्लव अफ गोरखपुरको टिम लाई धन्यवाद दिइन् ।

इनरह्वील क्लब अफ बुटवलका पूर्व अध्यक्ष पुष्पा कशौधनले स्वागत गरेको कार्यक्रममा तिलोत्तमाका अध्यक्ष रत्ना रिजालले इनरह्वील प्रार्थना प्रस्तुत गरेकी थिइन् भने इनरह्वील क्लब अफ बुटवल जीतगढी अध्यक्ष यशोदा भट्टराईको धन्यवाद र इनरह्वील क्लब अफ मिडटाउनका अध्यक्ष जुनु भण्डारीको कार्यक्रमको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा रुपन्देहीका ५ वटै क्लवका अध्यक्ष, सदस्यहरु, पूर्व अध्यक्षहरु र गोरखपुर होराइजन भारतका सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको थियो।


## बिमालेख हराएको सुचना

**मेरो निम्न व्यहोराको राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (साविक राष्ट्रिय बीमा संस्थान) को बिमालेख मिति २०८२।०७।१५ गते बुटवलदेखि गुल्मी मदानेतर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

**नाम: हरी भट्टराई** **ठेगाना: मदाने-३, गुल्मी**
**बिमालेख नं.: २२६९८६** **सम्पर्क: ९८४७१५८९३१**

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहबा बुटबलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०९/०४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३०८७ मिति:२०८१/१२/१५ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १६३७ मिति: २०८२/०९/०३ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, असना, सिसौ, कर्मा, दवदवे र धौटी जातका कुल जम्मा गोलिया थान ९८ को ९०९.९६ क्यू.फिट काठ तथा साल जातको १.५ चट्टा र अन्य जातको ५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री भुवरभवानी सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी गा.पा.-०३, बाँके

## कृषि ज्ञान केन्द्र
तौलिहवा, कपिलवस्तु

## कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना नं : ००४/आ.व. २०८२-८३ (प्रथम पटक प्रकाशित मिति: २०८२/०९/०४)

कृषि ज्ञान केन्द्र, कपिलवस्तुको आर्थिक बर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकासन मितिले १५ दिन (मिति २०८२/०९/१८ गते) कार्यालय समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सुचना सम्बन्धी विस्तृत विवरण, प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यबिधि यस कार्यालयको वेवसाईट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६-५६००६३ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

| क्र. सं. | कार्यक्रम | कार्यक्रम संचालन क्षेत्र | आवेदकको किसिम | क्रियाकलापहरु/मापदण्ड/अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | जिल्ला भरी | सहकारी संघ/संस्था | कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७(१) को बुंदा नं १४५ मा तोकिए बमोजिम । |
| २ | प्राङ्गारिक मल/भर्मिकम्पोष्ट उत्पादन प्रवर्द्धन कार्यक्रम (बाणगंगा-न.पा.-६, भगलापुर) | बाणगंगा न.पा.-६, भगलापुर | कृषक समुह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समिति | कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७(१) को बुंदा नं ३२ मा तोकिए बमोजिम । |
| ३ | लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम (महिला, दलित, जनजाती, मधेशी आदी) (कृषि तर्फ) | जिल्ला भरी | मापदण्डमा तोकिएका लक्षित वर्ग | कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७(१) को बुंदा नं १८ मा तोकिए बमोजिम । |

**थप जानकारीका लागि: कृषि ज्ञान केन्द्रको कार्यालय, तौलिहवा**
कार्यालयको फोन नम्बर: ०७६-५६००६३,
Website: www.akckapilvastu.lumbini.gov.np; Facebook: https://www.facebook.com/akckapilvastu

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि., लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रूपन्देहीको २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय लुम्बिनी, रुपन्देहीबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति, फर्म कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय लुम्बिनी** **जिल्ला : रुपन्देही**

| क्र. सं. | ग्राहक नं. | मिसिल नं | कर्जा ग्राहकको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य | स्वीकृत कर्जा रकम | भा.ना. सांवा रकम | २०८२ कार्तिक मसान्तसम्मको बांकी ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५०९८९१ | ४५११ | श्याम प्रकाश कोहार | दयाराम कोहार | बंश राज | गैडहवा ०१ (साविक साडी ०१) रुपन्देही | सरल कृषि कर्जा | २०००००.०० | ३९०५९.६८ | ८२७८.५३ | ४७३३८.२१ | | |
| २ | २५९७९६ | ५३१६ | ओम प्रकाश अहिर | गोली अहिर | तिरु अहिर | लु.सा.न.पा. १३ सुकरौली | सरल कृषि कर्जा | ९०००००.०० | ५३९८४.६२ | ३३०६२.७५ | ८७०४७.३७ | | |
| ३ | १३७२२०२ | ५०५९ | ग्रीन कन्सटक्सन (प्रो.अर्जुन कुर्मी) | गंगाराम कुर्मी | राम लखन कुर्मी | लु.सा.न.पा. ०१ खुनगाई | संस्थागत ओ.डी./बैंक जमानत दावी कर्जा | ३१२२०००.०० | ३०६८७९०.४५ | १६६२३७.१९ | ३२३५०२७.६४ | गंगाराम कुर्मी/शान्ती कुर्मी | |
| ४ | १५०७६७२ | ५१०५ | सुनिता यादव | दिनेश कुमार यादव | मोतिलाल यादव अहिर | लु.स.न.पा. ०२ अदौला | घरायसी कर्जा | ६०००००.०० | ६०००००.०० | १०४८८८.३९ | ७०४८८८.३९ | दिनेश कुमार यादव | |
| ५ | २६०२७२ | ४०९० | मथुरा थारु | घनश्याम थारु | पुनी प्रसाद | लु.सा.न.पा. १० महिलवार | सरल कृषि/व्यक्तिगत ओ.डि.कर्जा | १८०००००.०० | ०.०० | ३४६७२४.०५ | ३४६७२४.०५ | | |
| ६ | १५८९३२१ | १५०६ | राजेन्द्र बंगुर फार्म (प्रो.राजेन्द्र प्रसाद चमार) | टिकोरी चमार | टेरु | लु.स.न.पा. ०४ मनौरी | सरल कृषि कर्जा | १००००००.०० | ०.०० | ७४२५६.०४ | ७४२५६.०४ | रामधनी चमार | |
| ७ | ७६३०३६ | ४६४९ | सिताराम यादव | कोके यादव | सर्जुग यादव | लु.सा.न.पा. ७ भगतपुरवा | सरल कृषि कर्जा | १६०००००.०० | | ४१५००.०० | ४१५००.०० | सत्तिया यादव | राम भवन यादव |
| ८ | १३९४८५५ | ३९२७ | रिंकु यादव | सन्तराम यादव | हरि प्रसाद यादव | लु.सा.न.पा. ८ | सरल कृषि/व्यक्तिगत ओ.डि.कर्जा | १९५००००.०० | ०.०० | १८१८१५.५९ | १८१८१५.५९ | सन्तराम यादव | |
| ९ | ५५७१८४७ | ५५९४ | कमरुददीन मुसलमान | हफि जुल्लाह मुसलमान | शाह मोहम्मद मुसलमान | लु.सा.न.पा. ०९ | सरल कृषि कर्जा | ७०००००.०० | ०.०० | ३०६५५.९० | ३०६५५.९० | | |
| १० | १८५०७७५ | ५२९८ | चन्द्रपाल पशुपालन फार्म (प्रो.चन्द्रपाल यादव) | बलिराज यादव | सुन्दर | लु.सा.न.पा. २ अदौला | सरल कृषि कर्जा | २३०००००.०० | ३०००००.०० | १००९०१.९५ | ४००९०१.९५ | | |
| ११ | १७४९१०० | ५२३९ | जनप्रिय माछा फार्म (प्रो. ओम प्रकाश अहिर) | गोली अहिर | टिरु | लु.सा.न.पा. १३ | सहुलियतपूर्ण कर्जा | २५०००००.०० | ३७१९७७.०२ | ५१७८९.३५ | ४२३७६६.३७ | | |
| १२ | ५३६०३५३ | ५४३८ | अल जम जम एकीकृत कृषि फर्म (प्रो. हलिमा खातुन मुसलमान) | अब्बास अली मुसलमान | हसिम अली मुसलमान | लु.सा.न.पा. ०४ मनौरा रुपन्देही | सरल कृषि कर्जा | १००००००.०० | १००००००.०० | ३६९१९.२८ | १०३६९१९.२८ | | |
| १३ | ५१२२३३६ | ५३५१ | सुनिल हार्डवेयर एण्ड इलेक्ट्रिक सप्लायर्स (प्रो.अमलावती यादव) | विन्दराम यादव | राम नरेश यादव | लु.सा.न.पा. ७ भैसहिया | व्यापार कर्जा/बैंक जमानत दावी कर्जा | ६९०००००.०० | ४९२५००९.४० | ४३८६०४.३४ | ५३६३६१३.७४ | राम नरेश यादव | |
| १४ | २५९८६४ | ५५४७ | कमरुद्दिन दर्जी | जब्बार दर्जी | हौसील दर्जी | लु.सा.न.पा. ११ मोगलाहा | सरल कृषि कर्जा | १७०००००.०० | ०.०० | १४५६९२.४० | १४५६९२.४० | | |
| १५ | १३८८६४२ | ५२०६ | कक्षपती निर्माण सेवा (प्रो.संजय कुमार खरविन्द) | रामप्रित खरबीन्द | हरिराम खरविन्द | गैडहवा ४ मिनमिनवा | संस्थागत ओ.डी. | १००००००.०० | ०.०० | ५०१९०.३९ | ५०१९०.३९ | रामप्रित खरबिन्द/इसरावती खरविन्द | |
| १६ | २६०१६८ | ५३२५ | मैनुद्दिन भाट मुसलमान | विपत भाट | बैजन | लु.सा.न.पा. ११ सेमरा | सरल कृषि कर्जा | ६०००००.०० | २४४९६.०४ | ३०४१.७४ | २७५३७.७८ | | |
| १७ | २६११८० | ५५८ | समसुल्लाह मुसलमान | इसमाईल मुसलमान | शाह मोहम्मद मुसलमान | लुम्बिनी आर्दश १ अमारी | ओ.डी.कर्जा | ५०००००.०० | ५०६८४८.०० | ६८४८.०० | ५१३६९६.०० | | |
| १८ | ५३०५१३१ | ५३८१ | बिन्द्रावती मत्स्य नर्सरी फर्म (प्रो.अशोक यादव) | कन्हैया यादव | रामदीन यादव | गैडहवा २ जोगडा | माछा पालन | ३००००००.०० | ३२३२००.०० | ४१०८६३.०० | ७३४०६३.०० | कन्हैया यादव | |

**कृषि विकास बैंक लिमिटेड**
**Agricultural Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको इजाजतपत्र प्राप्त संस्था
लुम्बिनी प्रदेश कार्यालय: भैरहवा, रुपन्देही